# Chapter - Twenty-Two
# अध्याय बाईस

## How to be Led by the Spirit
## आत्माद्वारा कसरी डोऱ्याइने

यूहन्नाको सु-समाचारले विश्वासीहरूको जीवनमा पवित्र आत्माको भूमिकाको सम्बन्धमा प्रभु येशूले गर्नु भएका प्रतिज्ञाहरूको बारेमा धेरैभन्दा धेरै उल्लेख गरेको छ । तिनीहरूमध्ये केहीलाई हामी पढौं : “अनि म पितासँग बिन्ति गर्नेछु , र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनु हुनेछ, र उहाँ तिमीहरूसँग सदा–सर्वदा रहनुहुनेछ, यिनी सत्यका आत्मा हुनु हुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने उहाँ तिमीहरूसँग बास गर्नु हुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ” (यूहन्ना १४:१६-१७) ।

“तर सल्लाहकार अर्थात पवित्र आत्मा, जसलाई पिताले मेरो नाऊँमा पठाउनु हुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनु हुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई सम्झना गराई दिनु हुनेछ” (यूहन्ना १४:२६) ।

“तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु , म जानुमा नै तिमीहरूको हित छ, किनभने म गइन भने, सल्लाहकार तिमीहरूकहाँ आउनु हुने छैन, तर म गएँ भने, म उहाँलाई तिमीहरूकहाँ पठाई दिनेछु... मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन् , तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ । जब उहाँ, अर्थात् सत्यका आत्मा आउनु हुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनु हुनेछ, किनकि उहाँ आफ्नो तर्फबाट बोल्नु हुने छैन, तर उहाँले जे सुन्नु हुन्छ, त्यही बोल्नु हुनेछ र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरी दिनु हुनेछ । उहाँले मेरो महिमा गर्नु हुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरी दिनु हुनेछ” (यूहन्ना १६:७, १२-१५) ।

पवित्र आत्मा चेलाहरूमा रहनुहुनेछ भनेर प्रभु येशूले तिनीहरूलाई प्रतिज्ञा गर्नु भयो । उहाँले तिनीहरूलाई सहायता गर्नुहुनेछ (सल्लाह दिनुहुनेछ), तिनीहरूलाई सिकाउनु हुनेछ, अगुवाई गर्नुहुनेछ र हुन आउने कुराहरू पनि तिनीहरूलाई देखाई दिनुहुनेछ । आज पवित्र आत्माले हाम्रो लागि कुनै कम कुरो गरिदिनु हुनेछ भनेर सोँच्ने कुनै कारण नै छैन ।

अचम्भ रीतिले प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नु भयो, कि यो तिनीहरूको मौका थियो र उहाँ नआउञ्जेल पवित्र आत्मा आउनु हुने थिएन । तिनीहरूसँग सबै समय प्रभु येशूले शारीरिक रूपमा बिताउनु भएको जस्तै घनिष्ठ प्रकारले पवित्र आत्माको संगति तिनीहरूसँग हुने कुरा तिनीहरूले पाउने थिएनन् । पवित्र आत्माद्वारा प्रभु येशू सँधै हामीहरूसँग र हामीहरूमा हुनु हुन्छ ।

कस प्रकारले पवित्र आत्माले हामीहरूलाई अगुवाई गर्नु हुन्छ भनी हामीले आशा गर्ने ?

उहाँको पवित्र आत्मा नाउँले हामीलाई अगुवाई गर्ने उहाँको प्राथमिक भूमिकाले नै हामीलाई पवित्र हुन र परमेश्वरप्रति आज्ञाकारी हुनको लागि अगुवाई गर्नेछ । त्यसैले पवित्रता र यस पृथ्वीमा परमेश्वरको इच्छा पूरा गर्ने हरेक कार्य पवित्र आत्माको अगुवाईको क्षेत्रभित्र

पर्दछ । परमेश्वरले हामीलाई जुन सेवकाई गर्नको लागि बोलाउनु भएको छ, त्यो अद्वितीय सेवकाई गर्नको लागि खीष्टका सबै सामान्य तथा विशेष आज्ञाहरू पालन गर्नको निम्ति अगुवाई गर्नुहुनेछ । त्यसैले यदि तपाई आफ्नो विशेष सेवकाइको निम्ति आत्माद्वारा अगुवाई भएको हुन चाहनु हुन्छ भने, तपाई सामान्य पवित्रतामा पनि पवित्र आत्माद्वारा अगुवाई भएको हुनै पर्दछ । एउटा अर्कोबिना तपाई पाउन सक्नु हुन्न । धेरै सेवकहरूले तिनीहरूको महान् कार्य र आश्चर्यकर्महरूको महान् सेवकाइमा तिनीहरूलाई पवित्र आत्माले डोऱ्याइएको होस् भन्ने चाहन्छन् , तर सामान्य पवित्रताको “अति सानो” अभिप्रायलाई चाँहि ग्रहण गर्न चाहँदैनन् । त्यो एकदम ठूलो गल्ती हो । प्रभु येशूले आफ्ना चेलाहरूलाई कसरी अगुवाई गर्नु हुन्थ्यो ? प्राथमिक रूपमा उहाँले तिनीहरूलाई पवित्रताको बारेमा सामान्य शिक्षाहरू दिएर अगुवाई गर्नु हुन्थ्यो । तिनीहरूको सेवकाइको जिम्मेवारीहरूको लागि उहाँले गर्नु भएका विशेष अगुवाइहरू तुलना गरेर हेर्दा धेरै कम थिए । त्यसैले हामीभित्र बास गर्नु हुने पवित्र आत्माले हामीलाई यस कुरामा अगुवाई गर्नु हुन्छ । त्यसैले, यदि तपाई आत्माद्वारा अगुवाई भएको हुन चाहनु हुन्छ भने, सर्वप्रथम तपाईले पवित्र हुनको लागि उहाँको अगुवाइलाई पछ्याउनै पर्दछ ।

प्रेरित पावलले लेखेका छन् , “किनकि जोहरू परमेश्वरका आत्माले डोऱ्याइएका छन् , तिनीहरू नै परमेश्वरका छोराहरू हुन्” (रोमी ८:१४) । पवित्र आत्माद्वारा डोऱ्याइएका भएर नै हामी परमेश्वरका छोरा-छोरीहरू हुन सक्छौं । त्यसैले परमेश्वरका सबै छोरा-छोरीहरू आत्माद्वारा डोऱ्याइएका हुन्छन् । वास्तवमा, हामी स्वतन्त्र भएको कारणले गर्दा आत्माको अगुवाइमा आज्ञाकारी हुने कि नहुने भनेर हामीमा नै भर पर्दछ ।

यी सबै कुराहरू भएपछि, कुनै पनि खीष्टियनलाई पवित्र आत्माद्वारा कसरी डोऱ्याइनु भन्ने बारेमा साँच्चै नै सिकाइरहन आवश्यक पर्दैन, किनभने पवित्र आत्माले हरेक खीष्टियनलाई पहिलेबाटै डोऱ्याइरहनु भएको छ । अर्कोतर्फ, शैतानले परमेश्वरका छोरा–छोरीहरूलाई गलत तरिकाले अगुवाई गर्ने कोशिष गरिरहेको छ र हामीभित्र अझै पनि शरीरको पूरानो स्वभाव छँदैछ जसले हामीलाई परमेश्वरको इच्छा बिपरीत अगुवाई गर्ने प्रयत्न गर्दछ । त्यसैले विश्वासीहरूले ती अरु अगुवाइहरूबाट आत्माको अगुवाइलाई पत्ता लगाउन सिक्नु खाँचो छ । त्यो नै परिपक्क हुने एउटा प्रकृया हो । तर आधारभूत तथ्य चाँहि यो हो : पवित्र आत्माले हामीलाई सँधै परमेश्वरको लिखित वचन अनुसार डोऱ्याउनु हुन्छ र उहाँले हामीलाई सँधै ठीक कुरातर्फ र परमेश्वरलाई प्रशन्न तुल्याउने कुरा तथा परमेश्वरलाई कुन कुराले महिमित तुल्याउँछ, त्यसतर्फ अगुवाई गर्नु हुन्छ (हेनुहोस् यूहन्ना १६:१४) ।

## The Voice of the Holy Spirit
## पवित्र आत्माको आवाज

पवित्र आत्माले हामीलाई कहिले–काँही अनौठो तरिकाले, जस्तै दर्शनहरूद्वारा, अगमवाणी वा परमेश्वरको श्रव्य आवाजद्वारा अगुवाई गर्नु हुन्छ भनेर धर्मशास्त्रले भने तापनि, पवित्र आत्माले हामीसँग संचार गर्ने गरेको तरिका चाँहि हाम्रो आत्माको “प्रभाव” पारेर नै हो । त्यो चाँहि, यदि आत्माले हामीलाई केही कुरा गरेको चाहनु हुन्छ भने, उहाँले हाम्रो आत्मामा- हामीलाई खिँच्नु हुन्छ– अनि हामी कुनै निश्चित दिशातर्फ “डोऱ्याइएको” महसुस गर्नेछौं ।

हाम्रो आत्माको आवाजलाई हामी हाम्रो "विवेक" भनेर भन्न सक्छौं । सबै ख्रीष्टियनहरूले तिनीहरूको विवेक कस्तो छ भनेर जान्दछन् । यदि हामी पाप गर्नलाई परीक्षित भयौं भने, हामी "आफूलाई त्यस परीक्षामा नदिँऊ" भनेको श्रव्य आवाज हामीभित्र सुन्दैनौ । बरु, हामीभित्र त्यो परीक्षा इन्कार गरेको कुनै कुरालाई सामान्य रूपमा महसुस गर्दछौं । अनि यदि हामी त्यो परीक्षामा परिहाल्यौं भने, पाप गरी सकेपछि "तिमीले पाप गर्‍यौ, तिमीले पाप गर्‍यौ" भनेको श्रव्य आवाज पनि हामीले सुन्दैनौं । हामीले केवल भित्रबाट आउने दोषी ठहराउने कुरालाई महसुस गरेर पश्चातापमा डोर्‍याइन्छौं र हाम्रो पापको स्वीकार गर्दछौं ।

त्यस्तै प्रकारले पवित्र आत्माले हामीलाई सामान्य सत्यता र समझतर्फ डोर्‍याउनु हुन्छ र सिकाउनु हुन्छ । उहाँले हामीभित्र कुनै निश्चित प्रकाश (बाइबलमा सँधै सहमत हुने) हाली दिनु हुन्छ र सिकाउनु हुन्छ । ती प्रकाशहरू कसैलाई बताई दिनको लागि दश मिनेट जति समय लाग्दछ तर ती पवित्र आत्माद्वारा पलभरमै आउन सक्छन् ।

त्यस्तै प्रकारले पवित्र आत्माले हामीलाई सेवकाइका कामहरूमा अगुवाई गर्नु हुन्छ । हामीले केवल ती भित्रि अगुवाइहरू र प्रभावहरूलाई सम्बेदनशील भएर बुझ्नु पर्दछ र त्यसपछि हामीले बिस्तारै सेवकाइको लागि दिइएका कुराहरूमा आत्मालाई पछ्याउन सिक्नेछौं (परीक्षा र गल्ती कुराहरूबाट समेत) । यो त्यतिबेला हुन्छ जब हामी हाम्रो दिमागलाई (हाम्रो सामान्य वा असामान्य सोँचाई) हाम्रो हृदयको तरिकामा पुग्न (जहाँ पवित्र आत्माले हामीलाई अगुवाई गरी र हनु भएको हुन्छ) अनुमति दिन्छौ जसले गर्दा हामी आफैले परमेश्वरको इच्छा सम्बन्धी गल्तीहरू गरिरहेका रहेछौ भनी थाहा पाउँदछौं ।

## How the Spirit Led Jesus
## आत्माले कसरी प्रभु येशूलाई अगुवाई गर्नु भयो

भित्रि प्रभावहरूद्वारा प्रभु येशू पवित्र आत्माद्वारा डोर्‍याइनु भयो । उदाहरणको लागि, यूहन्नाद्वारा बप्तिष्मा हुँदा तुरन्तै पवित्र आत्मामा प्रभु येशूले बप्तिष्मा पाई सकेपछि प्रत्यक्ष रूपमा के भयो भनेर मर्कूसको सु-समाचारले बर्णन गर्दछ : "पवित्र आत्माले उहाँलाई तुरन्तै उजाड स्थानमा लैजानु भयो" (मर्कूस १:१२) ।

प्रभु येशूले आफूलाई उजाड-स्थानमा डोर्‍याउने श्रव्य आवाज सुन्नु भएको थिएन वा दर्शन पनि देख्नु भएको थिएन– उहाँलाई केवल लगिएको मात्र थियो । सामान्य तवरले पवित्र आत्माले हामीलाई त्यसरी नै अगुवाई गर्नु हुन्छ । हामीभित्र कुनै कुरो गर्नको लागि हामीलाई खिँचिएको, अगुवाई गरिएको र दोषी ठहराएको कुरा हामी महसुस गर्नेछौं ।

जब प्रभु येशूले छानाबाट तल झारिएको पक्षघाती मानिसलाई उसका पापहरू क्षमा भएका छन् भनेर भन्नु भयो, तब त्यहाँ उपस्थित भएका शास्त्रीहरूले उहाँले ईश्वर निन्दा गर्नु भएको थियो भनेर सोँचेका थिए भनेर उहाँले थाहा पाउनु भयो । तिनीहरूले के सोँचिरहेका थिए भनेर उहाँले कसरी थाहा पाउनु भयो ? हामी मर्कूसको सु-समाचारमा पढ्दछौः "अनि तिनीहरू आपसमा यसरी बिचार गर्दैछन् भन्ने प्रभु येशूले तुरन्त आफ्नो आत्मामा थाहा पाएर तिनीहरूलाई भन्नु भयो, "किन तिमीहरू आफ्ना मनमा यस्तो बिचार गर्दछौ" (मर्कूस २:८) ?

तिनीहरूले के सोँचिरहेका थिए भनेर प्रभु येशूले आफ्नो आत्मामा थाहा पाई हाल्नु भयो । यदि हामी आफ्नो आत्मामा सम्बेदनशील भयौँ भने, हामीले पनि परमेश्वरको काममा बाधा ल्याउनेहरूलाई कसरी जवाफ दिने भनेर जान्न सक्छौँ ।

# The Spirit Leading in the Ministry of Paul
# पावलको सेवकाइमा आत्माको अगुवाई

सेवकाइमा बीस बर्ष जति सेवा गरी सकेपछि प्रेरित पावलले पवित्र आत्माको अगुवाइलाई कसरी पछ्याउने भनेर धेरै राम्रोसँग जाने । कुनै अवस्थामा आत्माले उनलाई उनको भविष्यको सेवकाइमा "हुन आउने कुराहरू" देखाई दिनु भयो । उदाहरणको लागि, जब पावलले आफ्नो सेवकाइको अन्त एफिससमा गरे, तब आफ्नो जीवन र सेवकाई अरु तीन बर्षसम्म रहने कुराको बारेमा उनको केही अवधारणा थियो ।

"यी घट्नाहरूपछि, पवित्र आत्माको प्रेरणामा पावलले माकेडोनिया र त्यस अखैयाको बाटोमा भएर यरुशलेम जाने निर्णय गरे, तिनले भने, "त्यहाँ पुगेपछि म रोम जानैपर्छ" (प्रेरित १९:२१) ।

पावलले आफ्नो मनमा यस प्रकारको मनसायको निर्देशनको उद्देश्य बनाएका थिएनन् तर उनको आत्मामा यो उद्देश्य थियो । त्यस कुराले के देखाउँछ भने पवित्र आत्माले नै उनको आत्मालाई पहिले माकेडोनिया र त्यसपछि अखैया (दुवै अहिलेको आधुनिक ग्रीसमा अवस्थित छन्) को बाटो भएर यरुशलेम जान र अन्तमा रोम पुग्नको लागि अगुवाई गर्नु भएको थियो । अनि उनले त्यही कुरालाई पछ्याउनु पऱ्यो । यदि तपाईको बाइबलमा पावलको तेस्रो मिशनेरी यात्रा र रोमको यात्रा भएको नक्सा छ भनेदेखि तपाईले उनको पाइला एफिससबाट (जहाँबाट उनले आफ्नो आत्मामा मात्र तय गरेका थिए) माकेडोनिया हुँदै अखैयाको बाटो भएर यरुशलेमसम्म, अनि त्यसपछि धेरै बर्षपश्चात रोमतर्फ पछ्याउन सक्नु हुन्छ ।

अझै स्पष्टरूपमा, पावल माकेडोनियाबाट यात्रा गरेर अखैया पुगे, त्यसपछि उनले माकेडोनियाबाट फर्केर फेरि एकचोटि आइगेन समुद्रको तटलाई फेरो मारेर एशिया माइनरको आइगेन समुद्रको तटतर्फ यात्रा गरे । त्यस यात्राको अवधीमा उनी मिलेतस शहरमा रोकिएर नजीकैको एफिससको मण्डलीका धर्मगुरुहरू (एल्डरहरू)लाई बोलाएर तिनीहरूसँग बिदाइको भाषण दिएका थिए, जसमा उनले यो कुरा भनेका थिए : "अब हेर्नुहोस् , म पवित्र आत्मामा बाध्य भएर यरुशलेमतरि जाँदैछु , त्यहाँ मलाई के कसो परिआउने हो सो म केही जान्दिन, यति मात्र जान्दछु , कि हरेक शहरमा कैद र कष्ट ममाथि परिआउँछ भन्ने पवित्र आत्माले मलाई गवाही दिनु हुन्छ" (प्रेरित २०:२२-२३) ।

पावलले भने उनी पवित्र आत्मामा बाध्य भएका थिए, यसको अर्थ उनको आत्मामा उनलाई यरुशलेम जान अगुवाई भएको थियो । यरुशलेममा उनी आइसकेपछि के हुनेछ भन्ने कुराको बारेमा उनलाई पूर्ण रूपमा केही पनि थाहा थिएन, तर उनले भनेका थिए, कि हरेक शहरमा जहाँ उनले आफ्नो यात्रालाई रोकेका थिए, त्यहाँ पवित्र आत्माले उनलाई कैद र कष्टले पर्खिरहेको छ भनेर गवाही दिनु भयो । यरुशलेममा उनलाई पर्खिरहेको कैद र कष्टरहरूको बारेमा पवित्र आत्माले कसरी "गवाही दिनु भयो" ?

## Two Examples
## दुईवटा उदाहरणहरू

प्रेरित २१ अध्यायमा त्यस प्रश्नको जवाब दिने दुईवटा घटनाहरूको बारेमा उल्लेख गरिएको कुरा हामी पाउँदछौं । पहिलो उदाहरण, जब पावल टाइरेको भू-मध्यसागरीय बन्दरगाहको शहरमा ओर्लेका थिए: “अनि चेलाहरूलाई खोजी फेला पारेर तिनीहरूसँग हामी सात दिन त्यहाँ बस्यौं, तब पावललाई यरुशलेम नजानु भनी तिनीहरूले पवित्र आत्माद्वारा भने (प्रेरित २१:४) ।

यो एउटा पदको कारण केही टिप्पणीकारहरूले पावलले यरुशलेम जान निरन्तर आफ्नै खुशी गरेर परमेश्वरको आज्ञा उलंघन गरेका थिए भनी निष्कर्ष निकाल्छन् । प्रेरितको पुस्तकमा दिइएको सुचनाको आधारमा, हामीले त्यो निष्कर्ष ठीक प्रकारले निकाल्न सक्दैनौं । जब हामी यस कथामा अलिकति बढ्दै जान्छौं तब यो कुरा स्पष्ट हुनेछ ।

स्पष्टरूपमा टाइरेका चेलाहरू आत्मिक रूपमा सम्बेदनशील थिए र तिनीहरूले पावलले यरुशलेममा हुन आउने समस्याको बारेमा थाहा पाए । अनि तिनीहरूले उनलाई यरुशलेम नजाने आग्रह गरे । नयाँ करारको विलियमको अनुवादले यो कुरालाई यसै पदमा यसरी अनुवाद गरी दिएको छ : “आत्माले अगुवाई गर्नु भएकोले तिनीहरूले पावललाई यरुशलेममा पाइलो नटेक्नुहोस् भनेर चेतावनी दिइरहे ।”

जे भए तापनि, टाइरेका चेलाहरूले उनलाई रोक्न सकेनन् , किनभने, तिनीहरूले चेतावनी दिएको भए तापनि पावलले यरुशलेमतर्फको आफ्नो यात्रालाई जारी राखे ।

यसले यो कुरा सिकाउँछ, कि हामीले आफ्नो आत्मामा पाएको प्रकाशलाई आफ्नै व्याख्या थप्नको निम्ति अति नै होशियार हुनु पर्दछ । यरुशलेममा पावललाई समस्याले पर्खिरहेको थियो भनेर उनलाई पूर्ण रूपमा एकदम राम्रोसँग थाहा थियो, तर उनको यात्रा उनले जारी नै राख्नु पर्ने कुरा परमेश्वरको इच्छा थियो भनेर पनि उनलाई राम्ररी थाहा थियो । यदि पवित्र आत्माद्वारा परमेश्वरले हामीलाई कुनै कुरा प्रकट गर्नु हुन्छ भने, हामीले आत्माले हामीलाई प्रकट गर्नु भएको कुरामा आफ्नै व्याख्या थप्नलाई पनि हामी होशियार हुनैपर्छ ।

## Caesarea Stop Over
## कैसरियामा पनि रोक्ने प्रयत्न

यरुशलेमतर्फ जाने पावलको यात्रालाई रोक्ने अर्को ठाउँ कैसरियाको बन्दरगाह थियो : “हामी त्यहाँ केही दिन बस्दा यहूदियाबाट अगाबस नाउँका एकजना अगमवक्ता आए । उनले हामीकहाँ आएर पावलको पटुका लिई आफ्नो हात-खुट्टा बाँधे र भने, “पवित्र आत्मा यसो भन्नु हुन्छ, यो पटुका जुन मानिसको हो, त्यसलाई यरुशलेममा यहूदीहरूले यसैगरी बाँध्नेछन् र अन्य जातिहरूका हातमा सुम्पि दिनेछन्” (प्रेरित २१:१०-११) ।

यरुशलेममा पावललाई “कैद र कष्टहरूले” पर्खिरहेको छ भनेर पवित्र आत्माले गवाही दिइरहनु भएको यहाँ अर्को पनि एउटा उदाहरण छ । तर अगाबसले “यसकारण, परमप्रभु भन्न हुन्छ, यरुशलेममा नजा” भनेर भनेका थिएनन् भन्ने कुरालाई ध्यान दिनुहोस् । त्यसो होइन, तर परमेश्वरले नै पावललाई यरुशलेमतर्फ डोऱ्याइरहनु भएको थियो र उहाँले अगाबसको

अगमवाणीद्वारा उनलाई त्यहाँ हुन आउने कष्टहरूको लागि केवल तयार गरिरहनु भएको थियो । केही महिनाअगि नै पावलले आफ्नो आत्मामा पहिले थाहा पाइसकेको कुरालाई अगाबासको अगमवाणीले केवल निश्चित मात्रै गरी दिएको थियो भन्ने कुरालाई पनि ध्यान दिनुहोस् । हामी अगमवाणीबाट डोऱ्याइएको हुनु हुँदैन । हामीले पहिलेनै थाहा गरेको कुरालाई यदि अगमवाणीले निश्चित गरी दिँदैन भने, हामीले त्यसलाई पछ्याउनु हुँदैन ।

अगाबसको अगमवाणी हामीले विचार गरेको "अनौठो खालको अगुवाई" हो, किनभने यसले पावलको आत्माभित्र प्रभाव पार्नुभन्दा बढी नै भएर अगाडि बढेको थियो । जब परमेश्वर ले "अनौठो प्रकारको अगुवाई" दिनु हुन्छ, जस्तै दर्शन वा श्रव्य आवाज सुन्ने कुरा दिनु हुन्छ तब यो प्रायः गरेर हाम्रो तरिका जस्तो सजिलो हुने छैन भनेर परमेश्वरलाई थाहा भएकोले गर्दा त्यस प्रकारको अगुवाई उहाँले दिनु हुन्छ । त्यो अनौठो प्रकारको अगुवाइले ल्याउने अरु थप निश्चयताको आवश्यकता हामीलाई पर्दछ । पावलको कुरा गर्दा, उनी उत्तेजित भीँडद्वारा झण्डै मारिनै लागेका थिए र उनी कैदी बनेर बस्नुभन्दा अगाडि रोमको यात्रामा हुनुअगि झ्यालखानामा उनले धेरै बर्षसम्म बिताएका थिए । अनौठो प्रकारको अगुवाइको कारण, उनले पूर्ण शान्ति यी सबै कुराहरूद्वारा पाउन सके र उनलाई यी सबै कुराको परिणाम स्वीकारात्मक हुनेछ भनेर थाहा थियो ।

यदि तपाईले अनौठो प्रकारको अगुवाई पाउनु हुन्न भने, तपाईं संलग्न हुनु हुँदैन, किनभने यदि यो कुरा तपाईलाई खाँचो छ भनेदेखि तपाईंले त्यो पाउनु भएको छ कि छैन भनेर परमेश्वरले देख्नु हुनेछ । जे भए तापनि, हामीले भित्रि गवाहीद्वारा डोऱ्याइएको हुनको लागि सम्बेदनशील हुन प्रयत्न गर्नु पर्दछ ।

## In Chains and in God's Will
## साङ्लामा र परमेश्वरको इच्छामा

जब पावल यरुशलेममा आइपुगे, तब उनी पक्राउमा परे र बन्दी बनाइए । फेरि पनि एकपल्ट उनले प्रभु येशूबाटको दर्शनको रूपमा केही अनौठो प्रकारको अगुवाई पाए : "तर भोलीपल्ट राती प्रभुले तिनका (पावलको) नजीक उभिएर भन्नु भयो, "साहस गर, किनकि जसर ी तिमीले यरुशलेममा मेरो विषयमा गवाही दियौ, त्यसरी नै तिमीले रोममा पनि गवाही दिनु पर्छ" (प्रेरित २३:११) ।

यहाँ "अब पावल, तिमी यहाँ के गरिरहेका छौ ? तिमीलाई यरुशलेममा नआउनु है भनेर मैले चेतावनी दिन प्रयत्न गरे" भनेर भन्नु भएको थिएन भन्ने कुरालाई ध्यान दिनुहोस् । त्यसो नभएर प्रभु येशूले वास्तवमा पावलले केही महिनाअगि आत्मामा पाएको अगुवाइलाई निश्चित गरी दिनु भएको थियो । पावल प्रभु येशूको गवाही दिनको लागि यरुशलेममा परमेश्वरको उद्देश्यमा थिए । उनले अन्ततोगत्व रोममा पनि खीष्टको सु-समाचार प्रचार गर्नु पर्ने थियो ।

पावलको बोलावट यहूदीहरू र अन्य जातिहरूलाई सु-समाचार सुनाउनको लागि मात्रै थिएन, तर राजाहरूको सामुसमेत पनि थियो भनेर हामीले मनमा राख्नु पर्दछ (हेर्नुहोस् प्रेरित ९:१५) । यरुशलेम र त्यसपछि कैसरियामा भएको पावलको कैदी अवस्थाकोबेला, उनलाई बडाहाकिम फेलिक्स, पोर्सियस फेस्स र राजा अग्रिप्पाको सामु पनि गवाही दिने मौका दिइएको थियो, अग्रीप्पा त प्रभु येशूमा "झण्डै" विश्वासमा आउनै लागेका थिए" (प्रेरित

२६:२८) । अन्तमा, पावललाई सम्राट नेरोको सामु प्रभु येशूको गवाही दिनको लागि रोममा पठाइयो ।

## On the way to see Nero
## नेरोलाई भेटन जाँदा बाटोमा

उनलाई लिएर इटाली जाँदै गरेको पानी जहाजमा हुँदा, पावलले फेरि पनि एकपल्ट उनको आत्मामा संवेदनशील भएर परमेश्‍वरको अगुवाई पाए । पानी जहाजको कप्तान र पाइलट मिलेर क्रेटको बन्दरगाहको कुन समुद्रितटमा जहाज बिसाउने भनेर निर्णय गर्न खोज्दा–खोज्दै, पावलले प्रकाश पाइहाले : "अनि समय धेरै बितिसकेको थियो र समुद्र यात्रा पनि खतर नाक भएको थियो, साथै प्रायश्‍चित दिवसको उपवासको समय पनि बितिसकेको हुनाले, पावलले तिनीहरूलाई यसो भन्दै सम्झाए, "मित्र हो, यो समुद्र-यात्राले केवल जहाज र मालसामानको मात्र होइन, तर हाम्रो जीउ-ज्यानको समेत खतरा र नोक्सानी होला भन्ने म देख्दछु" (प्रेरित २७:९-१०) ।

के हुन लागिरहेको थियो भनी पावलले थाहा पाई सकेका थिए । उनलाई थाहा भएको कुरा पवित्र आत्माद्वारा दिइएको प्रभाव थियो भन्ने कुरा स्पष्ट छ ।

दुर्भाग्यबस, कप्तानले पावलको कुरा सुन्दै नसुनी अर्को बन्दरगाहतर्फ पुग्ने निश्‍चय गरे । परिणामस्वरूप, दुई हप्तासम्म पानीजहाज एकदम भयानक तुफानमा फँस्यो । परिस्थिति यति डरलाग्दो भयो, कि पानी जहाजका कच्चा पदार्थहरू जति सबै दोस्रो दिनमा फ्याँकी दिनु पर्‍यो र तेस्रो दिन चाँहि ती सबै थोक फ्याँकेर पनि जहाजलाई किनारा लगाउन सकिएको थिएन । त्यतिकैमा केही समयपछि पावलले फेरि अर्को अगुवाई पाए :

"अनि धेरै दिनसम्म घाम, तारा, केही देख्न पाइएन, तूफान धेरै दिनसम्म चलिरहेकोले अन्तमा बाँच्ने आशासमेत हामीले त्यागी दियौं । धेरै दिनसम्म तिनीहरू नआइकन बसेका थिए, तब पावलले तिनीहरूकहाँ आएर भने, "मित्र हो, तपाईहरूले मेरो सल्लाह मानेर क्रेटबाट जहाज नचलाउनु पर्ने थियो, र यस्तो संकष्ट र हानी तपाईंहरूले खप्नु पर्ने थिएन । अब म फेरि पनि भन्दछु, साहस गर्नुहोस् , किनकि तपाईहरूमध्ये कसैको ज्यान जानेछैन, तर जहाज चाँहि नष्ट हुनेछ । किनभने म जुन परमेश्‍वरको हुँ, र जसको आराधना म गर्दछु , उहाँका एक दूत आज राती मेरो छेऊँमा खडा भए, उनले मलाई भने, "पावल नडराऊ, तिमी कैसरको सामु अवश्य खडा हुनु पर्छ, र हेर, तिमीसँग जहाजमा चढ्ने जति सबैको प्राण परमेश्‍वरले तिम्रो हातमा दिनु भएको छ ।" यसकारण, मित्र हो, साहस गर्नुहोस् , किनकि म परमेश्‍वरमा विश्‍वास गर्छु, मलाई जस्तो बताइएको छ, ठीक त्यस्तै हुनेछ । तर हामी चाँहि एउटा टापूमा बजारिनु पर्नेछ" (प्रेरित २७:२०-२६) ।

किन परमेश्‍वरले पावललाई उनको बर्तमान दुर्दशाको ज्योतिमा समेत पनि आफै "अनौठो प्रकारको अगुवाई" दिनु भयो भनेर प्रायः म सोच्ने गर्छु । त्यो सत्य परीक्षादेखि पर पावलले चाँडै नै जहाज नष्ट हुने कुराको सामना गर्नु पर्नेछ । त्यसपछि तुरन्तै उनलाई बिषालु सर्पले टोक्नेछ (हेर्नुहोस प्रेरित २७:४१-२८:५) । स्वर्गदूत आएर हरेक कुरा ठीक हुन लागिरहेको छ भनेर तपाईलाई पहिले नै जानकारी दिएको कुरा एकदम राम्रो हुन्छ ।

# Some Practical Advice
# केही व्यवहारीक सल्लाह

ती जानकारीहरू र प्रभावहरूको लागि तपाईको आत्मामा हेर्न सुरु गर्नुहोस् , ती पवित्र आत्माका अगुवाईहरू हुन् । सम्भवत तपाईलाई पवित्र आत्माले अगुवाई नगरेर सामान्य भएको अवस्थामा समेत पनि तपाईंले त्यो पवित्र आत्माकै अगुवाई हो भनेर पहिलोपल्टमै बिचार गर्नुहुनेछ । निराश नहुनुहोस् र त्यसैमा लागिरहनुहोस् । अर्थपूर्ण एकान्त समय बिताउने, एकान्तमा गएर अन्य भाषामा प्रार्थना गर्ने र बाइबल पढ्ने कार्यले पनि सहायता पुग्न सक्छ । जब हामी अन्य भाषामा प्रार्थना गर्दछौं, तब हाम्रो आत्मामा अझै सम्बेदनशील बन्दछौ । परमेश्वरको वचन पढेर र ध्यान दिएर पनि हामी हाम्रो आत्मामा अझै सम्बेदनशील बन्दछौ । किनभने परमेश्वरको वचन आत्मिक खाना हो ।

जब परमेश्वरले तपाईलाई निश्चित दिशातिर अगुवाई गर्नु हुन्छ, उहाँले गर्नु भएको अगुवाई कहिले पनि कम हुँदैन । त्यसको मतलब तपाईले आफ्नै बिचारहरू वा भावनाहरूमा नभएर तपाईलाई अगुवाई गर्नु हुने परमेश्वरमा निश्चित हुनको लागि केही समय आफ्नो मुख्य निर्णयको लागि निरन्तर रूपमा प्रार्थना गर्नु हो । तपाईले निश्चित निर्देशनको लागि प्रार्थना गर्दा तपाईको हृदयमा शान्ति नभएमा, तपाईले शान्ति नपाउञ्जेलसम्म त्यो निर्देशन नलिनुहोस् ।

यदि तपाईले अनौठो प्रकारको अगुवाई पाउनु भयो भने, त्यो राम्रो कुरा हो, तर दर्शन देख्न वा श्रव्य आवाज सुन्नु पर्दछ भन्ने कुराको “विश्वास” गर्न कोशिष नगर्नुहोस् । परमेश्वरले त्यस प्रकारका कुराहरूद्वारा हामीलाई अगुवाई गर्न प्रतिज्ञा गर्नु भएको छैन (उहाँको सर्वोच्च इच्छा अनुसार उहाँले कुनै समयमा गर्नु हुने भए तापनि) । उहाँले हामीलाई भित्रि गवाहीद्वारा अगुवाई गर्नु हुनेछ भनेर हामीले सँधै भरोसा गर्न सक्छौं ।

अन्तमा, परमेश्वरले तपाईलाई भन्नु भएका कुराहरूमा केही कुरा पनि नथप्नुहोस् । परमेश्वरले तपाईको भविष्यको निम्ति तयार गरी दिएको कुनै सेवकाई तपाईलाई प्रकट गरी दिन सक्नु हुनेछ, तर तपाईले त्यसलाई बर्षौंसम्म लाग्न सक्ने भए तापानि पूरा गर्नको लागि प्र यत्न गरिनै रहनुपर्नेछ । म यो कुरा मेरो अनुभवबाट जान्दछु । पूर्वानुमान नगर्नुहोस् । पावलले उनको भविष्यमा के हुनेछ भनेर जानेका थिए, तरै पनि उनलाई हरेक कुरा चाँहि थाहा थिएन, किनभने परमेश्वरले उनलाई हरेक कुरा प्रकट गरी दिनु भएको थिएन । परमेश्वर हामीलाई सँधै विश्वासद्वारा हिँडेको चाहनु हुन्छ ।